# बारा जिल्ला अदालत

(तहसिल शाखा)

फोन: तहसिल ०५३-५५१९५०EXT-२०७
फ्याक्स ०५३-५५०८६२
कलैया, बारा

प.सं.०८०/८१
चलानी नं. १९६३२

मिति :-२०८२।०१/०५

विषय :- सुचना वेवसाईटमा प्रकाशन गरिदिने सम्बन्धमा ।

श्री सर्वोच्च अदालत सुचना प्रविधि महाशाखा
रामशाहपथ, काठमाण्डौ।

प्रस्तुत विषयमा, यस अदालतबाट मिति २०८२।०१।२२ मा लिलाम हुने सुचना सम्बन्धि जरुरी सुचना १ प्रति यसै पत्रसाथ पठाईएको छ।ताँहा सम्मानित अदालतको वेवसाईटमा प्रकाशन गरिदिनु हुन सादर अनुरोध छ ।

२०८२।१।५

तहसिलदार
शाखा अधिकृत

तहसिलदार
रा.प. तृतीय

# बारा जिल्ला अदालतबाट जारी भएको

## लिलामी सूचना

फाँट:- तहसिल मुद्दा:- गैरकानूनी सम्पति आर्जन गरी भ्रष्टाचार गरेको र भ्रष्टाचार (रकम हिनामिन) मुद्दा नं.०७२-CR-०१५४ र ९३-०६८-०१२७ लगत नं.३५२६ र ३५४५

श्री बारा जिल्ला अदालतबाट जारी भएको जिल्ला बारा साबिक गंजभवानीपुर गा.वि.स.वडा नं.६ घर भई हाल कलैया उपमहानगरपालिका वडा नं.४ नवोदय टोल बस्ने सिताराम साह कलवारको नाती गुदर साह कलवारको छोरा जिल्ला विकास समितिको कार्यालय बाराको तत्कालिन इन्जिन्यर मेघु प्रसाद जयसवालको **नाउँको** लिलामी टाँस सुचना म्याद.......................................................................................................।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोग तर्फबाट अनुसन्धान अधिकृत बसन्त बहादुर कुवरको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी तपाई समेत भएको गैर कानुनी सम्पति आर्जन गरी भ्रष्टाचार गरेको र भ्रष्टाचार (रकम हिनामिना) मुद्दामा विशेष अदालतको मिति २०७०।०४।२४ गतेको फैसला तथा सर्वोच्च अदालतको मिति २०७९।१२।२० गतेको फैसला बमोजिम प्रतिवादी मेघु प्रसाद जयसवाललाई ठहरेको जरिवाना **रु.१,१६,१०,४५५।-४० (अक्षरेपी एक करोड सोर्ह लाख दस हजार चार सय पचपन्न** रुपैया चालिस पैसा) प्रतिवादीले नेपाल सरकारलाई बुझाउनु पर्नेमा उक्त रकम उच्च अदालत जनकपुर अस्थायी इजलास बिरगंजको मिति २०८१।११।०२ को आदेश बमोजिम तपसिल बमोजिमको आफ्नो नाउँदर्ताको सम्पत्तिबाट लिलाम बिक्री गरी असुल उपर गरी पाउँ भनी यस अदालतमा दिएको निवेदन उपर कारवाही हुँदा तपसिलमा उल्लेखित सम्पती मिति २०८२।०१।२२ गते यस अदालतमा डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१.यस अदालतको तहसिल शाखामा मिति २०८२।०१।२२ गते दिनको २ बजे देखी कार्यालय समयसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबल गर्न सकिनेछ ।

२.डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सो को भोलिपल्ट डाँक लिलाम हुनेछ ।

३.कायम भएको न्यूनतम पञ्चकृते मूल्यबाट डाँक बढाबढ गर्नुपर्ने छ ।

४डाँक लिलाम बढाबढको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ।बाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिबाट ७ दिनभित्र दाखिला गर्नुपर्ने छ।त्यसरी ७ दिनभित्र रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला गरेको १० प्रतिशत रकम जफत गरी पुन : डाँक लिलामीको सूचना प्रकाशित गरिनेछ ।

५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक लिलाम सकार गराइनेछ ।

६.लिलाम सम्बन्धमा थप केही बुझ्नु पर्ने भए तहशिल शाखामा सम्पर्क राख्नुहोला।

७. डाँक लिलाम हुने सम्पतीको विवरण ।

### तपसिल

मेघु प्रसाद जयसवालको नाउँदर्तको जग्गा ।

| सि.नं. | जिल्ला | गा.वि.स/न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकृते मूल्य प्रतिधुर |
|---|---|---|---|---|---|---|
| १ | बारा | कलैया | ५ | ८४३ | ०-२-१७ | रु.२,१०,०००।- दुई लाख दस हजार |

इति सम्बत् २०८२ साल बैशाख महिना ०५ गते ६ रोज शुभम्.......................................................।